पाठ २

# परमेश्वर मात्र योग्य हुनुहुन्छ

हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो (प्रकाश ४:११)।

हामी परमेश्वरलाई आराधना गर्छौं, किनकि उहाँ यसको योग्य हुनुहुन्छ। योग्य हुनु भनेको अर्थ "प्राप्त गर्न सक्ने" वा "अधिकारयुक्त" भन्ने हुन्छ। हाम्रा हृदय र जीवनमा पहिलो स्थान प्राप्त गर्ने अधिकार हाम्रा प्रभुको छ भनी बाइबलले स्पष्टसँग सिकाएको छ।

ढुङ्गालाई, काष्ठकलाको टुक्रालाई, सुन्दर विचारलाई वा शक्तिशाली स्वर्गदूतलाई आराधना गर्नु के गल्ती हो? हामीले यसो गरेर पनि हाम्रा हृदयहरूमा परमेश्वरको निम्ति ठाउँ सुरक्षित राख्न सक्छौं कि?

परमेश्वरमा विश्वास गर्ने मानिसहरूका बारेमा बाइबल इतिहासले हामीलाई बताउँछ, र पनि आफूले देख्ने वा आफ्नो मनमा लागेका थोकहरूलाई तिनीहरूले आराधना गर्न चाहन्थे। तिनीहरूको भक्ति विभाजित भएको थियो। तर अन्तिम नतीजाचाहिँ

## योग्य परमेश्वर = आराधना

## दृश्य देवता ≠ आराधना

तिनीहरूका मूर्तिहरूको आराधना बन्न पुग्यो। येशूले भन्नुभयो, "कसैले दुइ मालिकको सेवा गर्न सक्दैन" (मत्ती ६:२४)।

हामी एउटै मालिकलाई प्रेम, सेवा र आराधना गर्न चाहन्छौं– उहाँ जो योग्य हुनुहुन्छ।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

परमेश्वरको महान् शक्ति
परमेश्वरको भययुक्त पवित्रता
उहाँको पितामय प्रेम

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- परमेश्वरको शक्ति र पवित्रतालाई वर्णन गर्न।
- उहाँको महान् प्रेमलाई अझ धेरै अनुभव गर्न।
- आराधना पाउनका लागि परमेश्वर योग्य हुनुहुन्छ भनी कृतज्ञ हुन।

## परमेश्वरको महान् शक्ति

उद्देश्य १: *परमेश्वरको शक्तिको क्षेत्रलाई वर्णन गर्नुहोस्।*

प्रार्थना गर्नका लागि येशूले आफ्ना चेलाहरूलाई सिकाउनुहुँदा, उहाँले परमेश्वरको शक्तिलाई सम्बोधन गर्नुभएको थियो। उहाँले भन्नुभयो, "तपाईंको राज्य आओस्। तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्" (मत्ती ६:१०)।

उहाँले हामीलाई स्वर्गको एक झलक दिनुभएको छ। आफूले बोलेर सारा विश्वलाई अस्तित्वमा ल्याउनुहुने परमेश्वरलाई सेवा गर्ने स्वर्गदूतहरू त्यहाँ छन्। कहिलेकहीँ हामी उहाँको शक्तिलाई बिर्सन्छौं, किनकि अरू शक्तिहरूले अधीन गरेकोजस्तो हामीलाई लाग्छ। यद्यपि, हामीले याद गर्नैपर्छ कि केही समयका लागि उहाँले मानिसलाई उसकै इच्छामा छोड़िदिनुभएको भए तापनि, परमेश्वरले आफ्नो शक्तिचाहिँ कहिल्यै गुमाउनुभएको छैन। आफ्ना मुकुटहरू (शक्तिको चिन्ह) येशूका चरणमा राख्नेहरूका बारेमा प्रकाश ४:१०-ले हामीलाई बताउँछ। सारा विश्वले नै उहाँलाई प्रभुको रूपमा स्वीकार गर्नुपर्नेछ।

भजनसंग्रह ९८:२-ले बताउँछ, "परमप्रभुले गर्नुभएको उद्धार (विजय) स्वयम् उहाँले प्रकट गर्नुभएको छ, र उहाँले आफ्नो धार्मिकता (शक्ति) जाति-जातिहरूमा प्रकट गर्नुभएको छ।" उहाँको उपस्थितिमा कुनै सीमा छैन (भजनसंग्रह १३९:३-१०) र उहाँको ज्ञानमा कुनै घेरा छैन (अय्यूब २८:२३-२४)। उहाँले हूरीबतासलाई चर्काउन सक्नुहुन्छ, वा उहाँले मडारिएको समुद्रलाई शान्त पार्न सक्नुहुन्छ। उहाँले आफ्नो शक्तिद्वारा नील कमललाई भूइँबाट माथि धकेल्नुहुन्छ र यसरी यो शुद्ध र सफेद भएर फुल्छ।

सबै प्राकृतिक कुराहरूले उहाँको शक्तिलाई प्रकट गर्छ र स्वर्गका दूतहरू उहाँको इच्छा पूरा गर्नका लागि सधैं तयारी भएर खड़ा रहन्छन्। हामीचाहिँ समर्पण गर्नका निम्ति तयारी हुनुपर्छ। हामी सबै ठाउँमा भन्दा उहाँमा नै सुरक्षित हुन्छौं। उहाँले इतिहासको क्रमलाई नै परिवर्तन गर्न सक्नुहुन्छ, र त्यही शक्तिद्वारा नै उहाँले हाम्रा जीवनमा र हामीद्वारा काम गर्न सक्नुहुन्छ। हामीले उहाँको शक्तिलाई महसूस गरी यसको निम्ति उहाँलाई प्रशंसा गर्दा, उहाँमा भएको हाम्रो विश्वासको वृद्धि हुनेछ। उहाँको सहायताविना हामी कति सीमित छौं भनी हामीले महसूस गरिसकेपछि हामी उहाँलाई प्राप्त गर्नका निम्ति खुल्ला बन्नेछौं।

**तपाईंको अभ्यासको निम्ति**

दानिएल ४:२८-३७ पढ्नुहोस् र तलको वाक्यलाई पूरा गर्नुहोस्।

१ आफ्ना चेलाहरूलाई येशूले सिकाउनुभएको प्रार्थनामा विशेष गरी उहाँले परमेश्वरको शक्तिको बारेमा बताउनुभयो। उहाँका शब्दहरू के थिए? ..............................................................

..............................................................

२ राजाले किन बेबिलोन बनाएका थिए?

क) परमेश्वरलाई आदर दिन।

ख) आफ्ना मानिसहरूलाई काम दिन।

ग) उनको आफ्नै महिमा प्रकट गर्न।

३ परमेश्वर ठीक र धर्मी हुनुहुन्छ भनी उनले सिके र

क) कुनै दिन उहाँले अझ धेरै शक्ति पाउनुहुनेछ।

**ख**) घमण्डसँग काम गर्ने कसैलाई पनि उहाँले नम्र पार्न सक्नुहुनेछ।

**ग**) हामीले गरेका काममा उहाँले त्यत्ति ध्यान दिनुहुन्न।

**४** यस अनुभवपछि राजा नबूकदनेसर

**क**) भएको घटनामा नै उनी रहिरहे।

**ख**) फेरि आफ्नो घमण्डमा फर्के।

**ग**) -ले परमेश्वरलाई आदर र प्रशंसा दिए।

## परमेश्वरको भययुक्त पवित्रता

उद्देश्य २ः *परमेश्वरको पवित्रताको पवित्र धर्मशास्त्रीय वर्णनहरूलाई चिन्नुहोस्।*

सफा छ होला भनी सोची तपाईंले कुनै सेतो ज्याकेट वा कमीज लगाउनुभएको कुरा तपाईंलाई याद आउँछ होला। तर हिउँजस्तै सेतो कुनै कुराको नजीक तपाईं उभिनुहुँदा तपाईंको पोशाकमा धूलो र दाग लागेको तपाईंले महसूस गर्नुहुन्छ। त्यस बेला तपाईंलाई कस्तो लाग्यो के तपाईं याद गर्न सक्नुहुन्छ?

अगमवक्ता यशैयाले पनि यस्तै किसिमको अनुभव गरेका थिए। परमेश्वर पवित्र हुनुहुन्छ भन्ने कुरा उनलाई थाहा थियो। पवित्रताको अर्थ पापबाट स्वतन्त्र हुनु, हरेक किसिममा ठीक हुनु हो भनी उनलाई थाहा थियो। तर एक दिन उनले एउटा अनुभव पाए, उनले देखेका एक दर्शनमा पखेंटा भएका प्राणीहरूले "पवित्र, पवित्र, पवित्र! सेनाहरूका परमप्रभु पवित्र" हुनुहुन्छ! भनेका उनले सुने। तिनीहरूका सोरहरूका आवाजले मन्दिरका जगहरू हल्लिए। परमेश्वरका उपस्थितिमा खड़ा हुन आफू कति अयोग्य छु भनी एक्कासि यशैयाले महसूस गरे।



## दाग लागेकोलाई सफासँग तुलना गरिएको

यस बारेमा अब उनी के गर्न सक्थे र? उनी शुद्ध थिएनन् र उनलाई यो थाहा थियो। "मेरो निम्ति कुनै आशा नै छैन" भनी उनी कराए!

तब ती जीवित प्राणीहरूमध्ये एउटाले वेदीबाट आगोको भुङ्ग्रो लिएर उनका ओठ छोइदिए र उनको दोषलाई हटाइदिए (यशैया ६:१-६)।

यस दर्शनले यशैया र हामीलाई के भन्न खोजिरहेको छ? परमेश्वर अति सफा, अति शुद्ध र पवित्र हुनुहुन्छ, र उहाँको उपस्थितिमा खड़ा हुन सक्ने अधिकार हामीमा छैन। त्योचाहिँ, यदि हामी हाम्रो आफ्नै भलाइमा लागिरह्यौं भने हाम्रो कुनै पनि अधिकार छैन। हामी उहाँको स्तरमा नापिन सक्दैनौं, तर उहाँले हामीलाई छुन सक्नुहुन्छ र शुद्ध बनाउन सक्नुहुन्छ। तब हामी डराउनुपर्ने केही कुरा पनि छैन। उहाँको उपस्थितिमा हामी

डराउनुपर्दैन र पनि, अर्को किसिमको डर हामीमा आउँछ– परमप्रभुको डर जुनचाहिँ गहिरो भयभक्ति हो, भय र आदरको सचेतना। योचाहिँ डराउने वा त्रसित हुने कुरासँग सम्बन्धित छैन। योचाहिँ उहाँ कति महान् हुनुहुन्छ र हामी कति अयोग्य छौं भन्ने कुराको सचेतना हो। यशैया ८:१३-मा पनि यही नै अर्थ लगाइएको छः "याद गर, कि म सर्वशक्तिमान् परमेश्वर पवित्र छु, मसँग नै तिमीहरू डराउनुपर्छ।"

परमेश्वरले मलाकी ३:६-मा पनि भन्नुभयो, "म परमप्रभु हुँ, अनि म कहिल्यै परिवर्तन हुँदिनँ।" उहाँ शक्तिका परमेश्वर र पवित्रताका परमेश्वर हुनुहुन्छ, र उहाँ कहिल्यै परिवर्तन हुनुहुन्न भन्ने कुरामा हामी निश्चित हुन सकौं। तब हामी धन्यवादी होऔं, किनकि हामीले एक राज्य प्राप्त गरेका छौं, जुनचाहिँ कहिल्यै हल्लिने छैन। भयभक्ति र डरसाथ परमेश्वरलाई प्रसन्न तुल्याउने प्रकारले हामी उहाँमा कृतज्ञ होऔं र उहाँलाई आराधना गरौं, किनकि हाम्रा परमेश्वर भष्म गर्ने अग्नि हुनुहुन्छ (हिब्रू १२:२८-२९)।

**तपाईंको अभ्यासको निम्ति**

**५** प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) यदि मैले धेरै नै कोशिश गरें भने, परमेश्वरले चाहनुभएझैं म शुद्ध र पवित्र बन्न सक्छु।

**ख**) यशैयाले परमेश्वरको पवित्रताको महसूस गर्दा आफू पापपूर्ण भएको उनले महसूस गरे।

**ग**) ईश्वरीय छुवाइले यशैयाको दोषलाई हटाइदियो।

**घ**) परमप्रभुले हामीलाई शुद्ध पार्न सक्नुहुन्छ।

६ यस वाक्यलाई पूरा गर्नुहोस्। "म परमप्रभु हुँ, अनि

..................................................................................

..................................................................................।"

७ बयानलाई पूरा गर्ने वाक्यलाई छान्नुहोस्। परमप्रभुको डर गहिरो भक्ति हो, अर्थात् भयको सचेतना, जसले

**क**) प्रार्थना गर्नका लागि हामीलाई डराइदिन्छ।

**ख**) हाम्रा सबै असफलताहरूका निम्ति हामीलाई याद दिलाउँछ।

**ग**) हामीलाई प्रार्थना र आराधनामा निमन्त्रणा गर्छ।

तपाईंका उत्तरहरू जाँच्नुहोस्।

## उहाँको पितामय प्रेम

उद्देश्य ३: *परमेश्वरले मानिसलाई आफ्नो प्रेम कसरी देखाउनुहुन्छ भन्ने उदाहरणहरूलाई बाइबलबाट परिचित गर्नुहोस्।*

राजाहरू र अगमवक्ताहरूका समयमा रहने इस्राएलीहरूले यस पाठको पहिलो भागलाई राम्रोसँग सिकेका थिए। तिनीहरूले परमेश्वरको महान् शक्ति र उहाँको पवित्रताको बारेमा जानेका थिए। तिनीहरूले रातमा आगोको खामो देखेका थिए। मेघ र बिजुली चम्काइले सीनै पर्वतलाई हल्लाउँदा तिनीहरू काँपेका थिए। तिनीहरूको पवित्र स्थान वा मन्दिरको महापवित्रस्थानमा गई आफ्नो सट्टामा परमेश्वरसँग कुराकानी गर्नका लागि मानिसहरू आफ्ना प्रधान पूजाहारीमा भर पर्थे। परमेश्वरको नजीक जान तिनीहरू डराउँथे।

तर नजीकै नै जान नसक्ने गरी परमेश्वर टाढ़ा हुनुहुन्छ भनी हामीले विचार गरेको परमेश्वर चाहनुहुन्न। उहाँले

मानिसहरूलाई यति धेरै प्रेम गर्नुहुन्छ, कि संसारलाई आफैमा पुनर्मिलाप गर्नका लागि उहाँले आफ्ना पुत्र येशू ख्रीष्टलाई संसारमा पठाउनुभयो। पापले भिन्नता ल्याएको थियो र मानिस र परमेश्वरको बीचमा पर्खाल खड़ा भएकोजस्तो थियो। पापको प्रायश्चित भयो र परमेश्वर र मानिसको बीचमा सङ्गति र सम्बन्धको पुनर्स्थापित भयो।



क्रूसको आफ्नो मृत्युद्वारा येशूले यो गर्नुभयो। हिब्रू १०:१९-२२-ले बताउँछः

> यसकारण भाइ हो, येशूको रगतद्वारा महा-पवित्रस्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ। हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो . . . साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं।

"परमेश्वर पिता," भन्ने शब्दहरू तपाईंले सुन्नुहुँदा तपाईं के विचार गर्नुहुन्छ? के तपाईं कठोर न्यायाधीश, निर्दयी नेता, वा निरंकुश शासकको रूपमा विचार गर्नुहुन्छ कि? के यी शब्दहरूले तपाईंलाई त्रसित वा भयभित पार्छन् कि?

अशान्ति बाल्याकाल र निर्दयी आमा-बाबुको स्मरणजस्ता घटनाहरूको कारण कोही-कोही व्यक्तिहरूले यस्तो भावनाको अनुभव गर्छन्। हामीलाई र हाम्रा सबै विचारहरूलाई देख्नुहुने परमेश्वरले बड़ो ध्यानपूर्वक हामीलाई यस कुराको जानकारी दिन चाहनुहुन्छ कि उहाँको प्रेमचाहिँ पृथ्वीका उत्तम आमा-बाबुको भन्दा पनि अझै महान् छ। पवित्र आत्माको प्रेरणा पाएर राजा दाऊदले भनेका थिए, "मेरा बाबु र मेरी आमाले मलाई त्यागे तापनि परमप्रभुले मलाई समाल्नुहुनेछ" (भजनसंग्रह २७:१०)। दाऊद सुरक्षित घरमा हुर्किएका भए तापनि, मानव प्रेमचाहिँ असफल हुन सक्छ भन्ने कुरा उनलाई थाहा थियो।

भजनसंग्रह १०३:१३-मा हामी पढ्छौं, "जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई टिठ्याउँछन्, त्यसरी नै उहाँका भय मान्नेहरूमाथि परमप्रभुले टिठ्याउनुहुन्छ।" हामी अति नै दयालु आमा-बाबुका बारेमा विचार गर्न सक्छौं, अनि परमेश्वरचाहिँ तिनीहरूभन्दा पनि अझै दयालु हुनुहुन्छ भनी हामीले बुझ्नुपर्छ।

भरोसा गर्ने बालक आफ्ना दयालु र प्रेमी पिताकहाँ जान्छ, जब उसलाई डर लाग्छ र पुनः निश्चयताको आवश्यकता पर्छ। उसलाई सहायता चाहिँदा, ऊ भोको हुँदा, ऊ एकलो हुँदा, ऊ समस्यामा हुँदा ऊ आफ्ना पिताकहाँ जान्छ। अनि दिनभरिको आफ्नो आनन्द बाँड्न र कुराकानी गर्नका लागि ऊ आफ्ना पिता (बाबु)-कहाँ जान्छ। हुन सक्छ ऊ केही पनि कुरा गर्न चाहँदैन तर आफ्ना पिताको नजीक बस्न चाहन्छ र आफ्ना बाबुले भनेको कुरा सुन्न ऊ तयारी भएर त्यहाँ बस्छ।

यस आमा-बाबु बालक सम्बन्धलाई हामीले अनुभव गरेको परमेश्वर चाहनुहुन्छ। उहाँमा आउँदा हामीले सुरक्षाको अनुभव गरेको उहाँले चाहनुहुन्छ। प्रेरित पावललाई यो कुरा थाहा थियो र उनले यसरी लेखेका छन्ः

> किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्म-पुत्र हुने आत्मा पाएका छौ। यसैले हामी परमेश्वरलाई "अब्बा, पिता," भनी पुकाछौँ' (रोमी ८ः१५)।

पावलले यी शब्दहरू लेखिरहँदा पिताको निम्ति अरमाइक शब्द *'अब्बा'* प्रयोग गरेका थिए। आफ्ना पृथ्वीका पिता (बाबु)-सँग बोल्दा केटाकेटीहरूद्वारा यो नाम प्रयोग गरिन्थ्यो। नेपाली भाषामा यसलाई "बाबु" वा "बुबा" भनी अनुवाद गर्न सकिन्छ।

आराधनाको बारेमा यसले हामीलाई के बताउँछ? परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि उहाँले हामीसँग अति नजीकको सम्बन्ध राख्न चाहनुहुन्छ। हामीले दिन सक्ने सबै प्रशंसा र भक्तिको निश्चय नै उहाँ योग्य हुनुहुन्छ। परमप्रभुलाई आराधना गर्न हामी असफल हुँदा, हामीले आफैलाई नोक्सानी तुल्याउँछौं। त्यसभन्दा पनि अझै, हामीले हाम्रा प्रेमी पितालाई दुःख दिएका हुन्छौं।

हुन सक्छ, हामी आफैले आफैलाई केही प्रश्नहरू सोध्नुपर्छ। *प्रभु पूर्ण परदेशी हुनुहुन्छजस्तो गरी के हामी उहाँसँग व्यवहार गर्छौं? के म उहाँको वास्तै नगरी आफ्नो बाटो लाग्न सक्छु? वा के म उहाँसँगको सङ्गति र उहाँलाई प्रशंसा गरेर हरेक दिन शुरू गर्न सक्छु?*

आफूले चाहेजस्तो गरी तपाईंले उत्तर दिन सक्नुभएन भने, अहिले नै तपाईंले आफ्नो शिर निहुराएर उहाँसँग क्षमा माग्न सक्नुहुन्छ। तपाईंको निम्ति उहाँ पर्खिरहनुभएको छ।

परमेश्वरसँगको आनन्दित आराधना र सङ्गतिमा तपाईं प्रवेश गर्नुहुँदा, उहाँको नजीकपनालाई तपाईंले महसूस गर्न सक्नुहुन्छ। अनि जति धेरै तपाईं आराधना गर्नुहुन्छ, आराधना गर्ने यो कुरा त्यत्ति नै सजिलो हुन्छ, किनकि यो ता जीवनको प्रवृत्ति नै बन्छ– अति धनी र प्रशस्तताको जीवन।

**तपाईंको अभ्यासको निम्ति**

**८** लूका १३:३४ पढ्नुहोस्। यी शब्दहरू भन्नुहुँदा येशूलाई कस्तो लाग्यो होलाजस्तो तपाईंलाई लाग्छ?

........................................................................

**९** परमेश्वरले हामीलाई आफ्नो प्रेम कसरी देखाउनुहुन्छ, प्रत्येक पदको पछाड़ि लेख्नुहोस्। पहिलोचाहिँ तपाईंको निम्ति गरिएको छ।

**क**) यूहन्ना ३:१६ उहाँले हाम्रा निम्ति आफ्ना पुत्र दिनुभयो।
**ख**) यशैया ४१:१० ..........................................
**ग**) हिब्रू १२:५-६ ..........................................
**घ**) भजनसंग्रह ४०:३ ......................................

**१०** प्रत्येक **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

क) हामी आज्ञाकारी हुन सकौं भनेर हामी डराएको परमेश्वर चाहनुहुन्छ।

ख) पृथ्वीका कुनै पनि बाबुभन्दा हाम्रा स्वर्गीक पिताचाहिँ अति नै दयालु हुनुहुन्छ।

ग) अरमाइक भाषा बोल्ने बालकले आफ्ना पिता (बाबु)-लाई *अब्बा* भनी सम्बोधन गर्थ्यो।

घ) ईमानदार आराधना आनन्दित अनुभव हो।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यसै यस पृथ्वीमा पूरा होस्।

६ म कहिल्यै परिवर्तन हुँदिनँ।

२ ग) उनको आफ्नै महिमा प्रकट गर्न।

७ ग) हामीलाई प्रार्थना र आराधनामा निमन्त्रणा गर्छ।

३ ख) घमण्डसँग काम गर्ने कसैलाई पनि उहाँले नम्र पार्न सक्नुहुनेछ।

८ तपाईंका आफ्नै शब्दहरूमा: हुन सक्छ निराश, प्रेम वा गहिरो चाहना।

४ ग) -ले परमेश्वरलाई आदर र प्रशंसा दिए।

९ ख सामर्थ्य दिनुहुन्छ, सहायता गर्नुहुन्छ र सुरक्षा गर्नुहुन्छ।
ग सुधार गर्नुहुन्छ।
घ नयाँ गीत दिनुहुन्छ।

५ क बेठीक
ग ठीक
ख ठीक
घ ठीक

१० क बेठीक
ग ठीक
ख ठीक
घ ठीक